नेपाल गजेट

भाग २

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड७] काठमाडौं श्रावण २२ गते २०१४ साल [अतिरिक्ताङ्क ४

कानून तथा संसदीय प्रबन्ध मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावलीविराजमान मानोन्नत ओजस्विराजन्य प्रोज्ज्वल नेपालतारा अतिओजस्वी त्रिभुवन-प्रजातन्त्र श्रीपद ॐरामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति फिल्ड मार्शल र सर्वोच्च कम्याण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्रवीरविक्रम जंगबहादुर शाहबहादुर शमशेर जंगदेवानाम् सदा समरविजयिनाम्।

२०१४ सालको ऐन नं॰ ४

मन्त्रिमण्डलले राजिनामा पेश गरेको हुनाले अर्को मन्त्रिमण्डल गठन नभएसम्म मुलुकको शासनको काम श्री ५ महाराजाधिराजबाट चलाइबक्सनुपर्ने हुन आएकोले श्री ५ महाराजाधिराजबाट यो ऐन बनाई जारी गरिबक्सेको छः-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. संक्षिप्त नाम, प्रारम्भ र अवधिः— (१) यो ऐनको नामविशेष परिस्थिति अधिकार ऐन, २०१४" रहेको छ।

(२) यो ऐन २०१४।३ ३१।१ देखि प्रारम्भ भएको मानिनेछ।

(३) यो ऐन अर्को मन्त्रिमण्डल गठन नभएसम्म लागू रहोस्।

२. परिभाषाः—यो ऐनमा प्रयोग गरिएको सबै शब्द तथा वाक्यांशको अर्थ नेपाल अन्तरीम शासन विधानमा भएअनुसार हुनेछ।

३. अन्तरीम शासन विधानको दफाहरू स्थगितः—नेपाल अन्तरीम शासन विधानको देहायका दफाहरू स्थगित राखिएको छ।

२४, २५, २७, ३१.

लालमोहर सदर मिति २०१४ साल श्रावण २ गते रोज ४ शुभम्

आज्ञाले

नयनबहादुर खत्री क्षत्री,

सेक्रेटरी-कानून तथा संसदीय प्रबन्धमन्त्रालय.

292

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गोरखापत्र छापाखानामा मुद्रित, मेनेजर-प्रेमराज शर्मा.